# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

**आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (दोस्रो संशोधन) मापदण्ड, २०८१**

आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (दोस्रो संशोधन) मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा ६ मा संशोधनः** आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० को दफा ६ को,-

(१) उपदफा (७) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका “चैत मसान्तसम्म” भन्ने शब्दहरूको सट्टा “२०८१ वैशाख मसान्तसम्म” भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (८) मा रहेका “आर्थिक वर्षको नौ महिनाभित्र” भन्ने शब्दहरूको सट्टा “हकमा त्यस्तो स्रोत सहमति प्राप्त भएको आर्थिक वर्षको असार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महिनाभित्र" भन्ने शब्दहरू राखी सोही उपदफा को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "अन्तिम" भन्ने शब्द झिकिएको छ।

**आज्ञाले,**
**मधुकुमार मरासिनी**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।